# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पलाँता गाउँपालिका

## कालिकोट

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पलाँता गाउँपालिका
## कालिकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## पलाँता गाउँपालिका

## कालिकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/[illegible], काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ७७

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

पलाँता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कालिकोट ।

१. **कैफियत सहितको राय** — हामीले पलाँता गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ५ करोड ९० लाख ५७ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएको छैन।उल्लेखित बेरुजुमध्ये असुल गर्नुपर्ने रू. ३० लाख १३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६७ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ७ लाख ४२ हजार र पेश्की बाँकी रु. ८५ लाख ८१ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु. २४ करोड २२ लाख ६२ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.३० करोड १३ लाख १९ हजार रहेको छ ।

गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

पलाँता गाउँपालिका,

कालिकोट जिल्ला

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३५ | २८ | ५९०५७ | ० | ० | ० | ३५ | २८ | ५९०५७ | ३०१३ | ३०७४२ | १६७२१ | ० | ० | ४७४६३ | ८५८१ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पलाँता गाउँपालिका, कालिकोट | २४२२६२ | ० | ० | २४२२६२ | ० | ५९०५७ | ३०१३१९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | - | - | - |
| | | | | |
| | चालु वर्षको जम्मा | - | - | - |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | - | - | - |
| | | | | |
| | २०७७।७८ | - | - | - |
| | | | | |
| | २०७६।७७ | - | - | - |
| | गत विगतको जम्मा | - | - | - |
| | कुल जम्मा | - | - | - |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **परिचय**

**कार्यालय परिचय -** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य हो ।अन्य उद्देश्यहरुमा आय वृद्धि र उपभोग व्यवस्थापनबाट सबै क्षेत्रमा बचत गर्ने क्षमतामा अभिवृद्धि गर्नु, ज्येष्ठ नागरिकहरुको सम्मानजनक जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु, ज्येष्ठ नागरिकप्रति परिवार, समुदाय र राज्यको दायित्वबोध गराउनु , स्थानीय स्वायत्त शासन तथा सहभागितामूलक पद्धतिका माध्यमबाट जनतालाई आधारभूत सेवा सुविधा उपलव्ध गराउनु रहेको छ । यस पालिकामा ९ वटा वडा रहेको छ भनें क्षेत्रफल ३१८.८४ वर्ग किलोमिटर तथा जनसंख्या १७,००० रहेको छ ।

**लेखापरीक्षणको उद्देश्य -**लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१४ देखि २०८०।०५।१८ सम्म रहेको छ ।

**लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त

भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**आर्थिक कारोबारको स्थिति -** कार्यालयको आर्थिक कारोबारको बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीय विवरण**

**वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१ | | | | |
|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | |
| विवरण | यसवर्ष रु. | | | |
| | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | ५१,५८,०३,४०३.०० | ३९,६०,१९,७३२.९२ | ४,०९,२८,२९४.७३ | ४३,६९,४८,०२७.६५ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ४६,०८,६८,०००.०० | ३९,५९,१३,६६२.४० | ० | ३९,५९,१३,६६२.४० |
| ११००० कर | ९,२१,१५,०००.०० | ७,७२,५२,७५५.५९ | ० | ७,७२,५२,७५५.५९ |
| १३००० अनुदान | ३५,६६,९१,०००.०० | ३१,७७,६०,९०६.८१ | ० | ३१,७७,६०,९०६.८१ |
| संघीय सरकार | २९,२१,५२,०००.०० | २६,६६,४६,६१८.८१ | ० | २६,६६,४६,६१८.८१ |
| प्रदेश सरकार | ६,४५,३९,०००.०० | ५,११,१४,२८८.०० | ० | ५,११,१४,२८८.०० |
| १४००० अन्य राजस्व | ० | ९,००,०००.०० | ० | ९,००,०००.०० |
| १५००० विविध प्राप्ति | ० | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | १,२०,६२,०००.०० | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | ५,४९,३५,४०३.०० | १,०६,०७०.५२ | ४,०९,२८,२९४.७३ | ४,१०,३४,३६५.२५ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | ५,४९,३५,४०३.०० | १,०६,०७०.५२ | ४,०९,२८,२९४.७३ | ४,१०,३४,३६५.२५ |
| धरौटी | ० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५१,५८,०३,४०३.०० | ३८,९४,९३,२७१.३३ | ४,०८,२८,३५१.०० | ४३,०३,२१,६२२.३३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ४६,०८,६८,०००.०० | ३८,६२,४४,६९५.८१ | | ३८,६२,४४,६९५.८१ |
| २१००० पारिश्रमिक / सुविधा | ३,५०,९५,०००.०० | २,५६,०४,५३३.०० | ० | २,५६,०४,५३३.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | ५,५१,६२,०००.०० | ४,६८,४८,२५८.०० | ० | ४,६८,४८,२५८.०० |
| २५००० सहायता (Subsidy) | ३,७१,७५,०००.०० | २,८८,७२,८२१.०० | ० | २,८८,७२,८२१.०० |
| २६००० अनुदान | १६,९२,०२,०००.०० | १५,८७,१९,१७७.८१ | ० | १५,८७,१९,१७७.८१ |
| २७००० सामाजिक सुरक्षा | ५०,००,०००.०० | ३८,५९,४८८.०० | ० | ३८,५९,४८८.०० |
| २८००० अन्य खर्च | १,३५,६२,०००.०० | १,२९,२९,३१९.०० | ० | १,२९,२९,३१९.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १४,५६,७२,०००.०० | १०,९४,११,०९९.०० | ० | १०,९४,११,०९९.०० |
| घ. अन्य भूक्तानी | ५,४९,३५,४०३.०० | ३२,४८,५७५.५२ | ४,०८,२८,३५१.०० | ४,४०,७६,९२६.५२ |
| कोषहरु | ५,४९,३५,४०३.०० | ३४,७१,३८५.५२ | ४,०८,२८,३५१.०० | ४,४२,९९,७३६.५२ |
| धरौटी | ० | ० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (२,२२,८१०.००) | | (२,२२,८१०.००) |
| ङ. यो वर्षको बचत (न्युन) | | ६५,२६,४६१.५९ | ९९,९४३.७३ | ६६,२६,४०५.३२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २,०२,१२,०००.०० | | २,०२,१२,०००.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | २,६७,३८,४६१.५९ | ९९,९४३.७३ | २,६८,३८,४०५.३२ |
| बैंक तथा नगद बाकी | | २,६८,३८,४०५.३२ | | २,६८,३८,४०५.३२ |

**वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७,७५,९०,७००।०० गरिबसँग विश्वेश्वर कार्यक्रमबाट रु. ४,६३,०००।०० र आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट रु.४,८०,०००।०० र प्रदेश पूर्वाधार विशेष रू.५७,९८,२५२।०० समेत गरी रु.८,४३,३१,९५२।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.७६,६०,७६३।०० , यस वर्षको प्राप्ति रु.१४,१०,५४,१९२।२७, यस वर्षको भुक्तानी रु.१३,०९,९४,०२०।३६ र बैङ्क मौज्दात रु.४७,५०,५५४।०१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७२) | २०२१२००० | ४३६९२८२९४.७३ | ४३०३२१६२२.३३ | २६८३८४०५.३२ |
| एकीकृत आर्थिक विवरणअनुसार | १२४५१२३७ | ५७७९८२४८७ | ५६१३१५६४२.६९ | २२०८७८५१.३१ |
| फरक | ७६६०७६३ | १४१०५४१९२.२७ | १३०९९४०२०.३६ | ४७५०५५४.०१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

**३ आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्थाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्ः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

**४ आन्तरिक नियन्त्रण प्रणाली**

**४.१ आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरे नगरेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरे नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको नराखेको,

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरे नगरेको,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरे नगरेको,

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरे नगरेको,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरे नगरेको,

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरे नगरेको,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरे नगरेको,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरे नगरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेको

• अधुरा आयोजनाको समिक्षा नगरेको

• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको

• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,
• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको आदि ।

## ४.२ सूचना प्रविधि पद्धति

सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) Developer सँग नै रहेको, प्रवेश नियन्त्रण (access control) अन्तिम रुपमा कार्यालयको आई.टी शाखामा मात्र रहेको पाईयो । कार्यालयले आन्तरिक नियन्त्रण कायम हुने गरी राजश्व सम्वन्धी अवस्थाको प्रवेश नियन्त्रण (access control) राजश्व संकलन गर्ने व्यक्ति, लेखा राख्ने व्यक्ति र कार्यालय प्रमुख समेतमा रहने गरी विकास गरिनु पर्दछ । कार्यालयको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः

• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको,

• सूचना प्रविधि पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,

• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको,

• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको ।

तसर्थ, कार्यालयले सूचना प्रविधि नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनु पर्दछ ।

## ४.३ बेरुजु लगत

कार्यालयले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । पालिकाले निम्नानुसार बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरेको पाइएन ।

म.ले.प. फाराम ८०१ — बेरुजु लगत

म.ले.प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन

म.ले.प. फाराम ८०३ — बेरुजुको केन्द्रीय कार्यालयगत लगत

म.ले.प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रीय प्रतिवेदन

म.ले.प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख

तसर्थ, स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

## ५ आयको प्रक्षेपण तथा वितरणको खाका

सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गर्नुपर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने तथा बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन बमोजिम स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएतापनि विषयगत क्षेत्रको बजेट तर्जुमा तोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराएको छैन । पालिकाले ऐन बमोजिम चरणबद्ध रुपमा स्रोत अनुमान सहितको बजेट तर्जुमा गरी तोकिएको समयमा नै विषयगत शाखा तथा वडा समितिलाई जानकारी गराउनु पर्दछ ।

६ **सम्पत्ति व्यवस्थापन र सुरक्षा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन । तसर्थ, नियमावली बमोजिम जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।

७ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

८ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने

अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष ज्युबाट मिति २०७९।३।१० गते रु. ४६ करोड २८ लाख ६८ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।१० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

९ **PAMS प्रयोग नगरेको**

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७।७।२० को निर्णय तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ७८ अनुसार सबै तहको सरकारी कार्यालयहरुको सम्पत्तिको लेखांकन प्रतिवेदन र एकीकृत विवरण तयार गर्न संघ प्रदेशका सबै सरकारी कार्यालयहरु एवं सबै स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) आर्थिक वर्ष २०७७।७८ देखि अनिवार्य रुपमा लागू गर्नुपर्ने निर्णय गरेकोमा पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली प्रयोग गरेको पाईएन ।पालिकाले नेपाल सरकारले लागू गरेको जिन्सी अभिलेख व्यवस्थापन |प्रणाली (PAMS) लागू गरी जिन्सी अध्यावधिक गर्नुपर्छ ।

१० **चौमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

(रु हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| चालु तर्फ | २७६८३३ | ४८७९८ | ७३०९३ | १५४९४२ | ८३७६४ |
| पूँजीगत तर्फ | १०९४११ | ६४ | १६२०४ | ९३१४३ | ६८९६७ |
| जम्मा | ३८६२४४ | ४८८६२ | ८९२९७ | २४८०८५ | १५२७३१ |
| प्रतिशत | १०० | १२.६५ | २३.१२ | ६४.२३ | ३९.५४ |
| पूँजीगत प्रतिशत | १०० | ०.०६ | १४.८१ | ८५.१३ | ६३.०३ |

कार्यालयले तयार गरेको बार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा कार्यक्रम संचालन गरी खर्च गर्नु पर्दछ । कार्यालयले प्रथम चौमासिकमा १२.६५, दोश्रो चौमासिकमा २३.१२, तेश्रो चौमासिकमा ६४.२३ तथा आषाढ महिनामा मात्र ३९.५४ प्रतिशत खर्च गरेको देखियो । त्यस्तै, कार्यालयले पूँजीगत तर्फ प्रथम

चौमासिकमा ०.०६, दोश्रो चौमासिकमा १४.८१, तेस्रो चौमासिकमा ८५.१३ प्रतिशत र आषाढ महिनामा मात्र ६३.०३ प्रतिशत खर्च गरेको देखियो । यसरी आषाढ महिनामा अत्याधिक खर्च गर्दा गुणस्तर एवं वित्तीय शुद्धतामा समेत नियन्त्रण परीक्षण हुन नसक्ने भएकोले सन्तुलित रुपमा खर्च गरिनु पर्दछ । तसर्थ खर्च गर्दा चौमासिक रुपमा सन्तुलन मिलाएर खर्च गरिनु पर्ने देखिन्छ ।

११ **अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेकोमा पालिकाले संघीय सरकारलाई रु.१,५९,३५,३८१।- र प्रदेश सरकारलाई रु.९,२१,३९९।- फिर्ता गरेको छ ।

१२ **योजनाको आन्तरिकिकरण र सामञ्जस्यता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामञ्जस्यता गर्नुपर्नेमा पालिकाले गरेको छैन । तसर्थ, यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

१३ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | ३४८३७००० | ३१११६४१८ | ८.०६ |
| २ | पूर्वाधार विकास | १०६४९७००० | ७४११६७०३ | १९.१९ |
| ३ | सामाजिक विकास | १६७०४९५०० | १४८६२१५१३ | ३८.४८ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४०६०३००० | ३७०६६६३८ | ९.५९ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ११३८८१५०० | ९५३२३४२३ | २४.६८ |
| | **जम्मा** | **४६२८६८०००** | **३८६२४४६९५** | **१००** |

पालिकाले उपलब्ध गराएको विवरण अनुसारआर्थिक विकास क्षेत्रमा सबैभन्दा कम ८.०६ प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ३८.४८ प्रतिशत बजेट विनियोजन गरी खर्च गरेको छ । त्यसैगरी पूर्वाधार विकासमा पालिकाले १९.१९ प्रतिशत मात्र बजेट खर्च गरेको छ । तसर्थ, पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ

१४ **कर्मचारी दरबन्दी र पदपूर्ति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको जम्मा स्वीकृत दरबन्दी संख्या ५० रहेकोमा ३५ जना कर्मचारीको पदपूर्ति भएकोमा १५ जना कर्मचारी रिक्त रहेको छ । त्यसैगरी पालिकाको ९ वडा कार्यालयहरुको लागि ९ जना वडा सचिवको दरबन्दी रहेकोमा ४ वटा मात्र पदपूर्ति भई ५ वटा पद रिक्त रहेकोमा विभिन्न कर्मचारीहरुलाई जिम्मेवारी दिई काम लगाएको देखियो । जनताको प्रत्यक्ष सेवा प्रवाह गर्ने वडा सचिव जस्तो जिम्मेवारीपूर्ण पदमा लामो समय अन्य शाखाका कर्मचारीबाट काम लगाउँदा पालिकाबाट जनतामा प्रवाह हुने सेवाको गुणस्तर र जिम्मेवारीमा असर पर्दछ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिन्छ । अतः रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

१५ **तलबी प्रतिवेदन पारित नगरेको**

निजामती सेवा ऐन, २०४९, को दफा ७(ख) स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ।तर कार्यालयले तलवी प्रतिवेदन पारित नगरी पालिकातर्फ रू.१,२९,४६,९६३।००, स्वास्थ्यतर्फ रू. १,१६,२५,१६३।०० र विद्यालयतर्फ रू.५७०२५०१५।०० गरी जम्मा रू.८,१५,९७,१४१।०० खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड वापतको रकम समेत एकिन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ ।

१६ **अवकाश कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको देखिएन ।

१७ **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग**

पालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको

पाईयो । गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु पर्दछ ।

**१८ सम्पत्ति हस्तान्तरण र अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नुपर्दछ ।

**१९ सेवा प्रवाह विवरण**

लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ.व. २०७९।८० मा पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको देखिन्छ ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घर नक्सा दर्ता पास | ० |
| पञ्जिकरण तर्फ | |
| जन्मदर्ता | ९२४ |
| मृत्युदर्ता | ४० |
| बसाईसराई दर्ता | ९५ |
| विवाह दर्ता | २९० |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

**२० आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रिय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३९९२४६१२३ | १८२०२०३ | ०.४५५ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.४५५ प्रतिशत मात्र रहेको छ । तसर्थ, पालिकाले आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२१ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा कानुन र कार्यविधि मात्र निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यस पालिकाले आवश्यक अन्य कानून निर्माण गरेको छैन् । तसर्थ, आवश्यक सबै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२२ **वित्तीय विवरण परीक्षण**

आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्थाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

२३ **मुख्यमन्त्री रोजगार कार्यक्रम**

मुख्य मन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ अनुसार कर्णाली प्रदेशका बेरोजगार तथा कोभिड १९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्ने युवालाई लक्षीत गरी रोजगारी आयआर्जन तथा आधारभुत विकाशका क्रियाकलाप प्रभाबकारी रुपमा संचालन तथा व्यवस्थापन गर्ने मुख्यमन्त्री रोजगारी कार्यक्रम संचालनमा रहेको छ। यस कार्यक्रम मार्फत गाँउपालिकामा यस वर्ष ९ वटा कार्यक्रम लागी रु

१२४८८२३५ विनियोजन भएकोमा कार्यक्रम मार्फत रु १२४८८२३५ खर्च गरीएको छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोरा वमोजिम छन्।

कार्यविधिको अनुसुची १ मा आयोजना संचालन गर्दा श्रमिकको ज्याला र सामाग्री लागत अनुपात तोकिएको छ। पालिकाले कतिपय आयोजनाको लागत अनुमान तयार गर्दा प्रयोग हुने श्रम। सामाग्रीको अलग अलग विश्लेषन गरी अनुसुची बमोजिमको अनुपातमा ध्यान नदिएको र कतिपय आयोजनामा बढी रकम कामदारको ज्याला खर्च लेखेको देखिन्छ। श्रम र ज्यालाको अलग अलग विश्लेषन गरी लागत अनुपात संग समावेश नभएकोले परीयोजनाको सामाग्री प्रयोगको अनुपात विश्लेषन गर्न सकिएन।। तसर्थ अनुसूचीमा तोकिए वमोजिमको लागत सामाग्री अनुपातलाई ध्यान दिई लागत अनुमात तयार गर्नुपर्दछ।

कार्यविधिको दफा ५ मा अधिकत्तम रोजगारी सिर्जना हुने, स्थानीय स्तरमा रोजगारी सिर्जना हुने तथा स्थानीय समाग्री प्रयोग हुने अधिकत्तम प्रतिशतको लागत साझेदारी हने आयोजना छनोट गर्ने उल्लेख भएपनि अधिकांश कार्यक्रम फिल्ड निमार्ण, घेराबार निमार्ण र विद्यालय भवन निमार्ण कार्यमा खर्च भएको छ। खर्चको तुलनामा न्यून रोजगारी सिर्जना, सीपमूलक र उद्यमशील कार्यक्रममा खर्च नहदा पटके रोजगारी सिर्जनामा केन्द्रित भएको छ। त्यसैगरी कार्यक्रम छनोटको लागि उपभोक्ता समितिले सोझै मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन इकाइमा प्रस्ताव पेश गर्ने र उक्त प्रस्तावहरु आयोजना व्यवस्थापन इकाइले संकलन गरी मुख्यमन्त्रीको अध्यक्षतामा गठन हुने निर्देशक समितिले छनोट तथा स्वीकृत गरी स्थानीय निकायबाट कार्यान्वयन हुने व्यवस्था गरीएको छ। छनोट प्रक्रियामा स्थानीय पालिका सँग समन्वय नहुँने, केन्द्रबाट छनोट हुने, सर्शत अनुदानको रुपमा स्थानीय तहलाई बजेट पठाउने, आर्थिक वर्षको अन्तमा मात्र बजेट निकासा हुने, उपभोत्ता समितिको पहुँच र प्रवाहका आधारमा छनोट हुनाले आयोजना कार्यान्वयनमा पालिकाको अपनत्व र प्रभावकारी भुमिका देखिएन। आयोजना छनोट देखि कार्यान्वयन सम्म पालिकाको भूमिका स्पष्ट गरी दीर्घकालिन रोजगारी सिर्जना हुने कार्यक्रमा बजेट केन्द्रित हुनु पर्दछ।

२४ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा–महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले बजेट उप शिर्षक ( गाँउपालका र संघीय सशर्त चालु) बाट रु ३६,३४,२८८।०० को औषधि खरिद गरेको देखिन्छ।

आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

२५ **असम्बन्धितलाई भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९(१) मा विक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने अवस्थामा मालसामान खरिद गर्न कर्मचारीलाई पेश्की दिन सकिने व्यवस्था छ । सरकारी कामको लागि आवश्यक सामान लगायत अन्य खरिद कार्य कर्मचारी वा पदाधिकारीले व्यक्तिगत श्रोतबाट खर्च गरी कार्यालयमा सोधभर्ना माग गर्ने र भुक्तानी दिने कानूनी व्यवस्था रहेको छैन । यसप्रकार कानूनी प्रचलन प्रतिकूल कर्मचारी वा पदाधिकारीलाई भुक्तानी दिने कार्य उपयुक्त नदेखिएकोले त्यस्ता कारोबार सम्बन्धमा सत्यतथ्य छानबिन गरी यकिन हुनुपर्ने, जुन फर्म/संस्थाको बिल पेश भएको छ ती संस्था/फर्मले रकम प्राप्त गरेको प्रमाण पेश हुनुपर्ने र व्यक्तिलाई सोधभर्ना दिने परिपाटीमा नियन्त्रण हुनुपर्ने रू.

| गो.भौ.नं. मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| गा.पा.चालु ०२, २०७९।०६।१२ | इन्धनको बिल भुक्तानी | जङ्ग बहादुर भण्डारी, सवारी चालक | ६००६७ |
| गा.पा.चालु ०३, २०७९।०६।०३ | गाडी मर्मतको बिल भुक्तानी | जङ्ग बहादुर भण्डारी, सवारी चालक | ११९७७८ |
| गा.पा.चालु १३६, २०७९।१०।१७ | अध्यक्ष कोष चालुबाट खर्चको बिल भुक्तानी | जङ्ग बहादुर भण्डारी, सवारी चालक | ६००००० |
| गा.पा.चालु ३४६, २०८०।०३।०३ | अध्यक्ष कोष चालुबाट खर्चको बिल भुक्तानी | जङ्ग बहादुर भण्डारी, सवारी चालक | ५००००० |
| गा.पा.चालु ४१३, २०८०।०३।१९ | अध्यक्ष कोष चालुबाट खर्चको बिल भुक्तानी | जङ्ग बहादुर भण्डारी, सवारी चालक | १००००० |
| गा.पा.चालु ४२८, २०८०।०३।२२ | सवारी साधन मर्मत | जङ्ग बहादुर भण्डारी, सवारी चालक | ४०१७६२ |
| गा.पा.चालु ४४८, २०८०।०३।२४ | इन्धन तथा सवारी साधन मर्मतको बिल भुक्तानी | जङ्ग बहादुर भण्डारी, सवारी चालक | ७१०००० |
| गा.पा.चालु ३५, २०७९।०६।१२ | विविध खर्च बिल भुक्तानी | विअराज बम, सहायक पाँचौं | ७४२५० |
| गा.पा.चालु ३६, २०७९।०६।१२ | विविध खर्च बिल भुक्तानी | विअराज बम, सहायक पाँचौं | ८५२५० |
| गा.पा.पूँजीगत ४०, २०८०।०१।०३ | खाजा खर्चको बिल भुक्तानी (कन्टेन्जेन्सी) | विअराज बम, सहायक पाँचौं | ३९३०० |
| गा.पा.चालु १३४, २०७९।१०।१६ | विविध खर्च बिल भुक्तानी | विअराज बम, सहायक पाँचौं | ९८७०० |

| | | | |
|---|---|---|---|
| गा.पा.चालु ३१५, २०८०।०२।१७ | विविध खर्च बिल भुक्तानी | विअराज बम, सहायक पाँचौं | ३९००० |
| गा.पा.चालु ४०९, २०८०।०३।१८ | सभा संचालन खर्चको भुक्तानी | विअराज बम, सहायक पाँचौं | ७०३००० |
| गा.पा.चालु ४१८, २०८०।०३।२१ | सभा संचालन खर्चको भुक्तानी | विअराज बम, सहायक पाँचौं | २००००० |
| गा.पा.चालु ४४२, २०८०।०३।२४ | कार्यक्रम खर्चको बिल भुक्तानी | विअराज बम, सहायक पाँचौं | २१०००० |
| गा.पा.चालु ४४९, २०८०।०३।२४ | विविध खर्च बिल भुक्तानी | विअराज बम, सहायक पाँचौं | ३००००० |
| गा.पा.चालु ३९५, २०८०।०३।१३ | गाउँपालिका भूउपयोग बर्गीकरणको भुक्तानी | नेत्र बहादुर शाही, गा पा कर्मचारी | ३९९५०० |
| गा.पा.चालु ०५, २०७९।०६।१२ | उपाध्यक्ष कोष चालुको खर्च भुक्तानी | मानसिंह बम, गापा कर्मचारी | २३७७० |
| गा.पा.चालु ०६, २०७९।०६।१२ | उपाध्यक्ष कोष चालुको खर्च भुक्तानी | मानसिंह बम, गापा कर्मचारी | ७४०७५ |
| गा.पा.चालु ३४७, २०८०।०३।०३ | खाजा खर्चको बिल भुक्तानी | भीम बहादुर बम, गापा कर्मचारी | ३००००० |
| गा.पा.चालु ४२५, २०८०।०३।२१ | उपाध्यक्ष कोष चालुको खर्च भुक्तानी | दिपेन्द्र हमाल, गापा कर्मचारी | २२१०१५ |
| गा.पा.चालु ३४२, २०८०।०२।३२ | खाजा खर्चको बिल भुक्तानी | मदन बहादुर बम, गापा कर्मचारी | २११००० |
| गा.पा.चालु ६७, २०७९।०८।१९ | खाजा खर्चको बिल भुक्तानी | मदन बहादुर बम, गापा कर्मचारी | १७०८०० |
| गा.पा.पूँजीगत १०४, २०८०।०३।१४ | खेलाडी पठाएको खर्च | मदन बहादुर बम, गापा कर्मचारी | ५०००० |
| **जम्मा** | | | **५६९१२६७** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५६,९१,२६७ |

२६ **खरिद इकाई**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ मा सार्वजनिक निकायले खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा आवश्यकता अनुसार खरिद महाशाखा, शाखा वा इकाईको स्थापना गर्नुपर्ने र उक्त महाशाखा, शाखा वा इकाईको प्रमुखको जिम्मेवारी वहन गर्नुपर्ने गरी खरिद अधिकारी तोक्नुपर्नेमा कार्यालयले सोको स्थापना गरेको देखिएन । अतः कार्यालयले खरिद इकाई वा शाखा स्थापना गरी खरिदलाई व्यवस्थित बनाउनु पर्दछ ।

२७ **निर्माण व्यवसायीबाट कार्य गराएको**

सार्वजनिक खर्च नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गर्ने भनी सम्झौता गरिसकेपछि उक्त कार्य निर्माण व्यवसायीबाट गराउन नहुने कुरा उल्लेख छ । पालिकाले तपशील बमोजिमको योजनामा उपभोक्ता समितिबाट कार्य गराउने भनी कार्यदिश दिएको तर उपभोक्ता समितिले निर्माण व्यवसायीको बिल पेश गरी रु.५७,६२,३९१।७० भुक्तानी लेखेको देखिन्छ । उपभोक्ता समितिबाट कार्य गराउने भनी कार्यदिश लिएर निर्माण व्यवसायीको बिल पेश गर्ने कार्य नियमसम्मत देखिएन । कार्यालयले उपभोक्ता समितिबाट कार्य गराउँदा उपभोक्ता समितिबाट कार्य गराउने सम्बन्धी कार्यविधिको पूर्णरुपमा परिपालना गर्नुपर्दछ ।

| **गो.भौ.नं., मिति** | **योजनाको नाम** | **निर्माण व्यवसायी** | **रकम** |
|---|---|---|---|
| ७५,२०८०।०२।३२ | बेल्केढुङ्गा वडा कार्यालय खिर्पि बोक्चु रिठा सडक स्तरोन्नति | जगदिश निर्माण सेवा (३००४०७५०७) | २८,८०,००० |
| ३२,२०७९।१२।१२ | सैनलौठारुखदेखि पानभौटी सडक निर्माण | एस.के.भी. निर्माण सेवा (६०७०५६७१६) | २६,६७,०४२।८९ |
| १३६,२०८०।०३।२३ | पुलाहा बाजुरा सडक निर्माण | एस.के.भी. निर्माण सेवा (६०७०५६७१६) | ५३,९२,३६८ |
| १४८,२०८०।०३।२४ | चुली उखाडी नेटा सडक निर्माण | दिवांशी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (६१०२२०९७१) | ४४,११,४५० |
| **जम्मा** | | | **१,५३,५०,८६०** |

२८ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । गाउँपालिका अन्तर्गत विभिन्न तहका २० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | २० विद्यालय संख्या | ९६ | ९० | ५४ | ५५०९ |

२९ **शिक्षक दरबन्दी**

गाउँपालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरबन्दी मिलान गर्नुपर्नदछ। पालिकाले जिल्ला तथा शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि. र मा.वि. का स्थायी, अस्थायी र राहत दरबन्दी शिक्षक विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरबन्दी मिलान गरेको देखिएन। अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलब निकाशा वास्तविक छ भनी आश्वस्त हुन सकिएन।

**३० विद्यालयगत निकासा रजिष्टर**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानि भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ।कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानि दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ।

**३१ शिक्षक व्यवस्थापन सूचना प्रनाली**

IEMIS) कार्यक्रम कार्यान्वयन पुष्तिका (आ.ब. २०७८/७९) IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थिहरुको यर्थाथ तथ्याङ्कसंग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृती र दलित छात्रवृती (कक्षा १ देखि ८) शिक्षण सिकाई तथा समाग्री तथा दिवा खाजा बाल विकाश कक्षा देखि ५ सम्म विद्यालयलाई अनुदान दिने व्यवस्था छ।पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यर्थाथ तथ्याङ्क भिडान गरेको पाइएन। जस्ले गर्दा वास्तविक विद्यार्थी संख्या भन्दा बढी निकाशा गएको छैन भन्न सक्ने आधार भएन। पालिकाले कार्यक्रम पुष्तिकामा उल्लेख भए बमोजिम IEMIS डाटालाई विद्यार्थी हाजीरी पुष्तिका परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग भिडान उपलब्ध हुन नसकेको र IEMIS मा प्रविष्ट तथ्याङ्क समेत अद्यावधिक नभएकोले एकिन गर्न सकिएन। पालिकाले विद्यालयको IEMIS तथ्याङ्कलाई अद्यावधिक गरी विद्यार्थी संख्याको आद्यावधिक गरी विद्यार्थी संख्याको आधार जाने निकाशा बास्तविक विद्यार्थी संख्याकै आधारमा गए नगएको एकिन गर्नु पर्दछ।

**३२ शिक्षक अभिलेख**

पालिकाले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत र करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन। पालिकाले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिइ तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ।

**३३ प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री

रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा १८ योजना सञ्चालन गरी यस वर्ष २७७ जनालाई रोजगारी उपलव्ध गराई रु.१२,३५,९३१।०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

## ३४ धरौटी बाँकी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ अनुसार कार्यालयमा बाँकी रहेको धरौटी रकमको व्यक्तिगत अभिलेख राखेको हुनुपर्दछ । तर कार्यालयले धरौटी आय सुत्रमा प्रविष्टि नगरेको तथा एकीकृत आ.वि. मा धरौटी आय वापतको आम्दानी रू.१०,४०,९८४।०० देखिन्छ । के वापत आएको धरौटी हो सोको विवरण उपलब्ध हुन नसकेको साथै धरौटीको व्यक्तिगत कच्चावारी अभिलेख पनि नरहेकोले सो बारेमा यकिन हुन सकिएन । अतः यस पालिकाले सो सम्बन्धमा यकिन गरी सुत्रमा प्रविष्टि गर्ने लगायत व्यक्तिगत धरौटीको कच्चावारी अभिलेख तयार गरी धरौटी मौज्दात रकम अध्यावधिक गरी प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,४०,९८४ |

## ३५ राजस्व असुली

३५.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने र १० दिन भन्दा ढिलो गरी दाखिला गरेमा १० प्रतिशतले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार विभागिय कारवाही गरिने उल्लेख रहेको छ । यो वर्ष लेखापरीक्षणमा पेश गरेका विभिन्न नम्वरका रसिद ठेलि अनुसार रु ५०५८५९.८१ राजश्व असुल गरेको छ तर पालिकाले आन्तरिक राजश्व प्रविष्टि सुत्रमा नगर्दा आन्तरिक राजश्वको अवस्था यकिन गर्न सकिएन। पालिकाले आफ्ना प्रत्येक राजश्व आम्दानीको यथार्थ विवरण सुत्रमा प्रविष्टि गर्नु पर्दछ ।

३५.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका १,५,६,७ र ९ नं वडाहरको राजस्व असुली परीक्षण गर्दा रु.५४,९२२।५० असुली भएकोमा रु.१०,२५०।०० मात्र दाखिला भएको पाइएकोले बाँकी रकम दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,६७२.५ |

**(विस्तृत विवरण बेरूजु दफा ३५.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३६ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ र प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । नाफा कमाउने उद्देश्यबाट स्थापित संस्थालाई अनुदान तथा आर्थिक सहायता उपलब्ध गराउन मिल्दैन ।चालु गो भौ न २४०।२०७९।१२।२१ मार्फत अध्यक्ष कोष र उपाध्यक्ष कोष बाट नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश लाई रु.१,००,०००।०० आर्थिक सहायता दिएको छ।नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशलाई के आधारमा किन आर्थिक सहायता दिएको हो सो सम्बन्धमा खर्च पुष्टि हुने प्रमाण कागजात पेश हुन सकेन । अतः पालिकाले स्पष्ट पारी खर्चको पुष्ट्याईं पेश गर्नुपर्दछ ।अन्यथा असुलउपर गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

३७ **त्रिपाल/कम्बल खरिद**

विपद व्यवस्थापन कोष बाट विभिन्न वडाहरुमा वितरणका लागी कम्वल र त्रिपाल खुल्ला दरभाउ पत्रबाट खरीद भएको यस सम्बन्धमा देखिएको व्यहोरा निम्न अनुसार रहेको छ।

गो.भौ.न. १२०।२०७९।०९।२६ भानु एण्ड इन्टरप्राइजेज, नेपालगंज बाट कम्बल प्रति इकाई रु १६३० का दरले परिमाण ४०७ र त्रिपाल प्रति इकाई रु १२९६.४६ का दरले परिमाण ८०० (मु.अ.कर सहित) जम्मा रु.१९,२१,६५३।०० को खरीद भएको छ। खरीद सम्झौता मिति २०६९।०६।२६ देखि २०७९।०६।२८ सम्म हुनेछ भनी सम्झौतामा उल्लेख छ। तर खरिद भएको विलमा मिति २०७९।०८।१८ को मिति उल्लेख छ। खरिद भएको समाग्री लेखापरीक्षणको समय सम्म समेत वितरण भएको देखिदैन। यसरी सम्झौता मिति फरक पारी (लगभग ५० दिन पछि) खरिद भएको र लेखापरीक्षणको समय सम्म समेत वितरण नभएको देखिदा उक्त समाग्री विपत कै लागी खरिद भएको हो भन्न सकिने आधार भएन।

गो.भौ.न. १२६।२०७९।०९।२६ अशोक इलेक्ट्रिक एण्ड सप्लाएर्स बाट कम्बल प्रति इकाई रु १५८० का दरले परीमाण २८५ र त्रिपाल प्रति इकाई रु १२९६.४६ का दरले परीमाण १००० (मु.अ.कर सहित) जम्मा रु.१९,४७,६३८।०० खरिद भएको छ। खरिद भएको त्रिपाल र कम्बल लेखापरीक्षणको समय सम्म वितरण भएको देखिएन।

अतः माथि उल्लखित मध्ये केही समाग्री वडाहरुमा बुझाए पनी विपतमा परेको नागरीकलाई वितरण गरेको देखिएन। उक्त त्रिपाल/कम्वल वितरण भएको प्रमाण पेश हुनुपर्ने रु.

**त्रिपाल र कम्वलको मौज्दात**

| गो भौ न | वडा अध्यक्ष | वडा नं | त्रिपालक | कम्वल |
|---|---|---|---|---|
| | ज्ञान ऐडि | ६ | १११ | ६० |
| १२०।२०७९।०९।२६ | तिलक बहादुर बम | ५ | ७५ | ५ |
| | गगन बहादुर बम | | २०० | ६० |
| | कल बहादुर बम | ७ | २०० | ६० |
| | मान सिङ्ग बम | ९ | २१४ | ६० |
| | मनरुप न्यौपाने | १ | २०० | ६० |
| | भिम प्रसाद न्यौपाने | २ | २०० | ६० |
| १२६।२०६९।०९।२७ | वाचे कामी | ३ | २०० | ६० |
| | तिलक बहादुर बुढा | ४ | २०० | ६० |
| | तिलक बहादुर बम | ५ | २०० | ६० |
| | ज्ञान ऐडी | ६ | २०० | ६० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३८,९५,४९२ |

३८ **भान्सेको तलब**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार पदाधिकारीले तोकिएको सेवा सुविधा वाहेक अरु थप सेवा सुविधा लिन नपाउने व्यवस्था रहेको छ।पालिकाले करार सेवा शुल्क, उपाध्यक्ष कोष चालु शीर्षकबाट भान्से तलब भनी मासिक रू.१८,०००।- का दरले भुक्तानी गरेको छ । यसरी पद्याधिकारीले पाउने सेवा सुविधाभन्दा बढी प्रयोग गरी भान्से राखी लेखिएको खर्च नियमसंगत देखिएन । सो खर्च रकम सम्बन्धित पदाधिकारीबाट असुलउपर गरी दाखिला गर्नुपर्ने रु.

| पद | कर्मचारीको नाम | तलब | जम्मा खर्च |
|---|---|---|---|
| अध्यक्ष भान्से | दिपेन्द्र बहादुर हमाल | १८००० | २१६००० |
| उपाध्यक्ष भान्से | रविन्द्र रोकाया | १८००० | २१६००० |
| | **जम्मा** | | ४३२००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३२,००० |

३९ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.१६,७९,५५५।०० भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

| | |
|---|---|
| अनियमित भएको | १६,७९,५५५ |

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४० **करारका कर्मचारीलाई महंगी भत्ता**

अर्थ मन्त्रालय परिपत्र मिति २०७९।०१।१५ का निर्णय अनुसार कुनै पनि करारका कर्मचारीलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनि परिपत्र गरेको छ। पालिकाले रोजगार संयोजक आइटि अफिसर विकाश महताराको तलब भुक्तानी दिदा महङ्गी भता रू.२०००।- समावेश गरी दिएको देखिन्छ । नियम विपरीत गएको जम्मा रु.२४,०००।- मा सामाजिक सुरक्षा कर बाहेकको रकम निज बाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,७६० |

४१ **खर्च मितव्ययिता नगरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाबाट देहाय बमोजिको खर्चको पुष्टि बेगर बिल भुक्तानी दिएकोले खर्च पुष्टि हुने प्रमाण कागजात पेश हुनुपर्ने रू.

| **गोभौ नं मिति** | **विवरण** | **रकम भुक्तानी** | **कैफियत** |
|---|---|---|---|
| १३६।२०७९।१०।१७ | ग्यास हिटर रेडियो आइरन ब्लाङकेट भिते घडि | ६००००० | अध्यक्ष कोष चालु |

| | | | |
|---|---|---|---|
| १६४।२०७९।११।०२ | जुता सिलङ कपडा मोजा ब्लाङकेट सिरालो तन्ना | ३८९२५ | उपाध्यक्ष कोष चालु |
| १९४।२०७९।११।१६ | चामल दाल चिनी नुन | ३४४६० | उपाध्यक्ष कोष चालु |
| २०९।२०७९।११।३० | खाजाको विल | ७०१५८ | बैठकको म्याइन्युट नभएको |
| ४४२।२०८०।०३।२४ | कार्यक्रमहरुको विवरण नभएको | २०६८५० | खाजाको विल मात्र भएको |
| ४५०।२०८०।०३।२४ | भेरी कर्णाली सिटि पोइन्ट होटल विरेन्दरनगर सुर्खेतको विल रहेको | २८०४३० | |
| ४५१।२०८०।०३।२४ | होटेल डेलिसियसको भुक्तानी | ६९१४७ | |
| **जम्मा** | | **१२९९९७०** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,९९,९७० |

४२ **पाठ्यपुस्तक खरिद**

कोभिड १९ बाट क्षति पुगेको क्षतिपुरण तथा सिकाई निरन्तरताका लागी १००० थान प्रति रु ३५३ का दरले भवानी छापाखाना विरेन्दनगर सुर्खेत बाट रु.३,५३,०००।- को ECD को पाठ्यपुस्तक खरीद भएको छ। उक्त पाठ्यपुस्तक अहिले सम्म पालिकामै देखिन्छ। अत उक्त पाठ्यपुस्तक ECD मा वितरण गरी शिक्षण सिकाई लाई सरकारको उदेश्य अनुरुप निरन्तरता दिन पाठ्यपुस्तक वितरणको भरपाई पेश गर्नपर्ने देखिन्छ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५३,००० |

४३ **आधार बेगरको खर्च**

विविध खर्च खाता तर्फको भौ.नं. ५४,२०८०।०३।२७ श्री थला तल्सरी गरगाड खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई सुस्वा आयोजना अन्तर्गत खानेपानी संरचना निर्माण, सुधार तथा स्तरोन्नति पानी सुरक्षा योजना कार्यान्वयनको रनिङ्ग बिलको रकम रू.६,३५,०६०।०० भुक्तानी गर्दा ओम ट्रेडर्स एण्ड सप्लायर्स, नेपालगञ्ज (३०४७९६०५२) लाई मिति २०८०।०३।२७ मा बिजक नं. ४१८ बाट होडिङ्ग बोर्ड बापत प्रति पिस रू.९,२४०।०० का दरले ५० पिसको रू.४,६२,०००।०० र नेपालगञ्ज देखि पताला गाउँपालिकासम्मको यातायात खर्च रू.१,००,०००।०० समेत रू.५,६२,०००।०० को विवरण पेश गरी ओम ट्रेडर्स एण्ड सप्लायर्स, नेपालगञ्ज (३०४७९६०५२) को नाममा रू.६,२६,६३०।०० भुक्तानी भएको छ । यति धेरै संख्यामा होडिङ्ग बोर्ड चाहिनुको यथेष्ट कारण बेगर आवश्यकताको आधारमा निर्माण गर्नुपर्नेमा सो गरेको पाईएन । साथै ढुवानी भाडाको जिल्ला दररेटसमेत पेश नगरेकोले नियमित मान्न नसकिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ६,२६,६३० |

४४ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस यस वर्ष रु.३,९८,८८०।- को ४०० झोला खरिद गरेकोमा। पालिकाको भण्डारमा खरिद गरिएका न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९८,८८० |

४५ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ को उपनियम १ मा तोकिएको म्यादभित्र पेश्की फछ्यौंटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत लगाई असुल गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार गाउँपालिकाको ३ जनाको नाममा रु.६,५०,०००।- उपभोक्ता समितिको नाममा रु.७९,३०,७०२।३५ गरी जम्मा रु.८५,८०,७०२।३५ पेश्की फछ्यौंट नभई बाँकी रहेकाले नियमानुसार समयमा पेश्की फछ्यौंट हुनुपर्दछ ।

| | |
|---|---|
| पेश्की | ८५,८०,७०२.३५ |

**(विस्तृत विवरण बेरूजु दफा ४५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४६ **खर्च पुष्टियाई विना भुक्तानी**

आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ। तर पालिकाले संचालन गरेको कार्यक्रम र उप्लब्ध विवरणबाट खर्चको पुष्टियाई गर्न सकिने आधार देखिदैन। यसरी निम्न खर्चको प्रमाण र पुष्टियाई पेश नगरी भुक्तानी भएकोले सो रकम सम्बन्धितबाट असुल गरी संचित कोष खतामा दाखिला हुर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,०२८ |

**(विस्तृत विवरण बेरूजु दफा ४६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४७ **स्यानिटरी प्याड**

सेनेटरी प्याड वितरण व्यवस्थापन) कार्यविधी, २०७६ अनुसार विद्यालयको मागको आधारमा स्थानीय तहले यकिन गरी विद्यालयलाई सेनेटरी प्याड उपलब्ध गराउने व्यवस्था छ। गाँउपालिकाले खरिद गरेको सेनेटरी प्याड मध्ये लेखापरिक्षण अवधि सम्म प्याड वितरण नगरी १६५३४ प्याकेट भण्डारमा नै राखेको देखिन्छ।

कार्यविधीको दफा ४ मा स्थानीय तहले खरिद गरेको सेनेटरी प्याडको गुणस्तरमा असर नगर्ने गरी सुरक्षीत भण्डार गर्नुपर्ने व्यवस्था छ। तर गाँउपालिकाले तोकिएको मापदण्ड अनुसार भण्डारण गरेको देखिदैन। कार्यालयमा मौजाद रहेको १६५३४ प्याड विद्यालयमा वितरण गरेको भरपाई पेश गर्नुपर्ने देखिएको रु.

| **गो. भौ . नं .** | **फर्मको नाम** | **संख्या** | **रकम** |
|---|---|---|---|
| १६६।२०८०।०३।२३ | Jay shree ram surgical house Birendranagar -surkhet | १६५३४ | १८५९००० |
| **जम्मा** | | **१६५३४** | **१८५९०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,५९,००० |

४८ **वितरणमुखी बजेट**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ बमोजिम बजेट विनियोजन गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रममा मात्र बजेट विनियोजन गर्नुपर्दछ।साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले बजेट विनियोजन गर्दा तपशील बमोजिमको योजनामा अबण्डा बजेट विनियोजन गरी खर्च लेखाङ्कन गरेको छ । यस्तो खर्चमा नियन्त्रण कायम गर्नुपर्दछ ।

| **योजनाको नाम** | **खर्च संकेत नं.** | **विनियोजन** | **खर्च** |
|---|---|---|---|
| अध्यक्ष कोष चालु | २२३१९ ( अन्य कार्यालय संचालन खर्च) | १५००००० | १४४९५५१ |
| उपाध्यक्ष कोष चालु | २२३१९ ( अन्य कार्यालय संचालन खर्च) | १०००००० | ९९९९७७ |
| अध्यक्ष कोष पूँजीगत | ३११५९ ( सार्वजनिक निर्माण) | ५२७२००० | ४६६५५२५ |
| उपाध्यक्ष कोष पूँजीगत | ३११५९ ( सार्वजनिक निर्माण) | १७००००० | १४४६५७० |
| **जम्मा** | | | **८५६१६२३** |

४९ **शीर्षक फरक पारी खर्च लेखेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ मा सरकारी बजेट खर्च गर्दा जुन शीर्षकमा बजेट विनियोजन भएको हो, सोही शीर्षकमा खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले विनियोजित रकम खर्च गर्दा खर्चको वर्गीकरण र व्याख्यामा उल्लेख भए अनुसार सम्बन्धित शीर्षकमा बजेट विनियोजन गरी खर्च लेख्नुपर्दछ ।पालिकाले राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा संघीय सरकारबाट प्राप्त अनुदान बाहेक थप बजेट विनियोजन गरेको देखिंदैन तथापी यस शीर्षकमा भएको तपशील बमोजिमको खर्च गत आ.व. को कर्मचारीको तलब बाँकी शीर्षकबाट भुक्तानी दिएको छ । यस कार्यलाई नियमसम्मत मान्न सकिंदैन । अनियमित भएको रू.

| | |
|---|---|
| अनियमित भएको | ४५,३७,७३८ |

**(विस्तृत विवरण बेरूजु दफा ४९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५० **मुल्य अभिवृद्धि कर कट्टी नगरेको**

मू.अ.कर दाखिला मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) बमोजिम सरकारी निकाय वा संघ संस्थाले करार गरि खरिद गरेको वस्तु वा सेवाको बिल भुक्तानी गर्दा मुल्य अभिवृद्धि करको ३०प्रतिशत (२०७८।२।१५ बाट) कट्टा गरी सम्बन्धित आपूर्तिकर्ताको नामबाट सम्बन्धित मूल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निम्न व्यवसायिक फर्महरुलाई दिएको भुक्तानीमा कट्टा नगरी भुक्तानी फर्मलाई भुक्तानी दिएको मु.अ. कर, समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,१४,००८ |

**(विस्तृत विवरण बेरूजु दफा ५० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५१ **स्थानीय भत्ता बढी भुक्तानी**

रोजगार प्राविधिक सहायक मन्दिराज महतरालाई श्रावण, भदौको दुर्गम भत्ता रु.१५,४२०।- हुनुपर्नेमा निजलाई सोभत्ता वापत रु.९६,०००।- गएको हुदा निजवाट बढी रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८०,५८० |

५२ **दाखिला गर्न बाँकी कर**

आयकर ऐन, २०५८ को दफा ८७,८८ र ८९ भुक्तानीमा करकट्टी सम्बन्धी व्यवस्था गरिएको छ । पालिकाको म.ले.प.फा.नं. २७२ को वित्तीय विवरणले भुक्तानीमा गरेको करकट्टी रू.२,२२,८१०।०० दाखिला नभएको देखिन्छ । तसर्थ पालिकाले कट्टी गरी दाखिला गर्न बाँकी रकम दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२२,८१० |

५३ **आलु पकेट कार्यक्रम**

प्रधानमन्त्री कृषी आधुनीकिकरण परीयोजना कार्यक्रम म्यानुयल निर्देशिका, २०७७ अनुसार कृषी उत्पादन समाग्रीमहरुमा ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम संचालन गर्ने भनी उल्लेख छ। पालिकाले पलाँता

आलु पकेट संचालन समन्वय समिति संगको साझेदारी कार्यक्रमका लागी खरीद भएको विषादि तथा विषादिजन्य समाग्री खरीद लागत रु.१,२५,०००।- मा समुहको लागत ५० प्रतिशतले हुन आउने रु ६२५०० देखिएन। अत उक्त रकम समुहबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६२,५०० |

५४ **मुआब्जा वितरण सम्बन्धमा**

जग्गा प्राप्ति ऐन, २०३४ ले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा मात्र मूल्याङ्कन समिति गठन हुने व्यवस्था गरेको छ । पालिकाले सडक निर्माणको क्रममा भत्केका संरचनाको मुआब्जा शीर्षकमा रू. ७० लाख विनियोजन गरेको छ ।गो.भौ.नं.गा.पा. पूँजीगत ७५,२०८०।०२।३२ बाट बेल्केढुङ्गा वडा कार्यालय खिर्पि बोक्चु रिठा सडक स्तर उ.स. को नाममा रू.२८,८०,०००।०० र पालिकाले उपाध्यक्षको संयोजकत्वमा समिति गठन गरी सडक निर्माणका क्रममा भत्केका संरचनाको मुआब्जा भनी गो.भौ.नं.गा.पा. पूँजीगत १४९,२०८०।०३।२४ बाट विभिन्न २३ जना व्यक्तिहरुको नाममा रू.४०,००,०००।०० गरी जम्मा रू. ६८,८०,००० को खर्च लेखाङ्कन गरेको छ । जसलाई नियमसम्मत मान्न सकिएन रू.

| | |
|---|---|
| अनियमित भएको | ६८,८०,००० |

५५ **सशर्त अनुदान फिर्ता नभएको**

संघीय सशर्त तर्फको कार्यक्रम संचालन निर्देशिका अनुसार, संघीय सरकारले तोकेको कार्यक्रममा खर्च हुन नसकेको बाँकि रकम संघीय सरकालाई फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले रोजगार संयोजक र सहायकको तलब, स्थानीय भत्ता भनी रु.३,६४,४०९।- नविल बैंकमा खाता रहेको गाँउपालिकाको संचित कोषमा जम्मा भएको देखिन्छ। अत उक्त रकम संघीय सरकारलाई फिर्ता गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६४,४०९ |

५६ **दैनिक भ्रमण भत्ता** - सबैका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (सुस्वा) परियोजनामा वडा वडामा अनुगमन गर्न गएबापत लिएको दैनिक भ्रमण भत्ता भ्रमणखर्च नियमावली विपरीत भएकाले सो खर्चलाई नियमसम्मत मान्न नसकिएकाले तपशील बमोजिमका व्यक्तिबाट असुलउपर गरी स्थानीय संचित कोष खातामा दाखिला गर्नुपर्ने रु.

| **सि नं** | **नाम थर** | **रकम** |
|---|---|---|
| १ | धिर भण्डारी | १५४६० |
| २ | खुम्ब बहादुर बम | ८४१० |
| ३ | जल बहादुर बम | १६५०० |
| ४ | कर्म सिं बम | १३२०० |
| ५ | विशाल रोकाया | ८२५० |

| | | |
|---|---|---|
| ६ | बसन्त बहादुर बम | १६५०० |
| ७ | सूर्जिम धामी | ५७७५ |
| ८ | रंग रोकाया | ९५७० |
| ९ | विकास महातारा | ५७२० |
| १० | अजैपुरा जैसी | १५२०० |
| ११ | अप्सा विश्वकर्मा | ८२५० |
| | **जम्मा** | **१२२८३५** |
| | | असुल गर्नुपर्ने १,२२,८३५ |

५७ **सामाजिक सुरक्षा तथा संरक्षण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक रुपमा पछाडी परेका वर्ग,क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणालीको व्यवस्था रहेको छ । यो कार्यक्रम अन्तर्गत पलाँता गाउँपालिकाले यस आर्थिक वर्षमा रु.७,७५,९०,७००।५० खर्च गरेको देखिन्छ । यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक,एकल महिला,विधुवा,वालवालिका र अशक्तहरु समेत बार्षिक औषतमा ४६८३ जना लाभग्राहीहरु लाभान्वित भएको देखिन्छ । वडागत सामाजिक सुरक्षा रकम निकासा तथा खर्चको विवरण अनुसूचीमा रहेको छ ।

यसरी लेखापरीक्षणको क्रममा आन्तरिक लेखापरीक्षणले यस आ.व. मा औँल्याएको सामाजिक सुरक्षा तथा संरक्षण खर्च रु.७,७५,९०,७००।५० र गाउँपालिकाले दिएको वडागत विवरण अनुसार सामाजिक सुरक्षा तथा संरक्षण खर्च रु.७,७६,९६,७७१।०० भएकोले रु.१,०६,०७०।५ को फरक देखिएको छ । फरक के कसरि आएको हो यस विषयमा पालिकाले छानविन गरी यकिन गर्नुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ५७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५८ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । तर पालिकाले विभिन्न पदमा ७९ जना कर्मचारीहरू

करारमा राखी रु.१,४९,५१,६७३।- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | १,४९,५१,६७३ |
|---|---|

५९ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.५९,७३,६५३।- खर्च गरेको छ भने विविध शीर्षकभित्र तपशील बमोजिमको खर्च शीर्षकमा भुक्तानी गरेको देखिएकोले नियमसम्मत नभएको रु.

| **गो.भौ.नं. मिति** | **विवरण** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|
| ३२३।२०८०।०२।२४ | स्टेशनरी सामान खरिद | साहिल सिजन स्टेशनरी, कालीकोट | ५८७४२१ |
| ३६।२०७९।०६।१२ | कार्यालय संचालन | विअराज बम, सहायक पाँचौं | ८३९८२ |
| ३९७।२०८०।०३।१५ | भ्रमणभत्ता वितरण | गा पा कर्मचारीहरु | ५५९९१५ |
| ४००।२०८०।०३।१६ | इन्धन तथा सवारीसाधन मर्मत | नहकूल बुढा १६७४५०, पि एच एस मोटरसाइकल रिपेरिङ्ग सेन्टर ७८८०० , मदन स्टोर्स ३०१०० , सिप्रदी ट्रेडिङ्ग प्रा.लि. ८३३४० | ३५९६९० |
| ४०१।२०८०।०३।१६ | भ्रमणभत्ता वितरण | मन बहादुर बडुवाल, कर्मचारी | २०००० |
| ४०६।२०८०।०३।१७ | प्रिन्टर मर्मत | माँ मनकामना इन्टरप्राइजेज | २९६०३० |
| ४०७।२०८०।०३।१७ | सामान ढुवानीवापतको भाडा | पदम बहादुर बम | ९५०० |
| ४१७।२०८०।०३।२१ | घरभाडा र विल भुक्तानी | कुल्ला बम २२५०१, सुशिल बहादुर बम ३८११३ | ६०६१४ |
| ४२१।२०८०।०३।२१ | छपाई तथा स्टेशनरी बिल भुक्तानी | पलाता स्टेशनरी कालीकोट | ७५५१० |
| ४३०।२०८०।०३।२२ | गाडीभाडा | दिपक परियार | १३५०० |
| | | **जम्मा** | **२०६६१६२** |

| अनियमित भएको | २०,६६,१६२ |
|---|---|

६० **बिल भरपाई विना भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रित पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने

व्यवस्था छ। गाँउपालिकाबाट देहाय बमोजिको खर्चको पुष्टी बेगर बिल भुक्तानी भएको देखिन्छ। अत उक्त खर्चको पुष्ट्याई गर्ने कागजात र बिल भरपाई पेश गर्नुपर्ने रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,४५,४१७ |

**(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६१ **भुक्तानीमा करकट्टी**

आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ भुक्तानीमा करकट्टी सम्बन्धी व्यवस्था गरिएको छ ।पालिकाले तपशील बमोजिमको योजनाहरुमा सामाजिक सुरक्षा करकट्टी नगरेको रु.६३,००५।०० अग्रीम आयकर कट्टी नगरेको वा कम गरेको रू.१५,७६८।०० र बहाल करकट्टी नगरेको रू.३५,२९५।०० गरी जम्मा रु.१,१४,०६८।- असुल गरी दाखिला गर्नुपर्ने रु.

**सामाजिक सुरक्षा कर तर्फ**

| गो.भौ. नं. मिति | योजनाको नाम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ८३,२०८०।०३।०६ | चिउरे देखि बेर्सेनकोट सम्म घोरेटो बाटो निर्माण | उपभोक्ता समिति | २,४१२ |
| ८४,२०८०।०३।०७ | स्वास्थ्य कार्यालय बेर्शेनकोट खानेपानी निर्माण | उपभोक्ता समिति | ४,०१३ |
| ८८,२०८०।०३।१३ | गाइतर काठे पुल निर्माण | उपभोक्ता समिति | ९७२ |
| ८९,२०८०।०३।१३ | खिन मामु खानेपानी मर्मत | उपभोक्ता समिति | १,०९० |
| ९०,२०८०।०३।१३ | खिन सानो धारा खानेपानी मर्मत | उपभोक्ता समिति | १,०१० |
| ९१,२०८०।०३।१३ | औंलाखोला केलाठाना काठेसागु निर्माण | उपभोक्ता समिति | १,२०४ |
| ९२,२०८०।०३।१३ | खिन हुँदै औंलासम्म घोरेटो बाटो मर्मत | उपभोक्ता समिति | ८,३७३ |
| ९३,२०८०।०३।१३ | चुप्पी दह च्याम्बर निर्माण | उपभोक्ता समिति | २७७ |
| ९४,२०८०।०३।१३ | रिठा घोरेटो बाटो निर्माण | उपभोक्ता समिति | ५३३ |
| ९६,२०८०।०३।१३ | नाउडाँडा देखि नाइबाडासम्म खानेपानी मर्मत | उपभोक्ता समिति | १,७४२ |
| १०३,२०८०।०३।१४ | स्वास्थ्य चौकी फिल्ड निर्माण छलाहाँ | उपभोक्ता समिति | १,३३८ |
| १०७।२०८०।०३।१७ | नानीखोला करकले खानेपानी निर्माण | उपभोक्ता समिति | ८५८ |
| ११३।२०८०।०३।२० | काप्रेखोला मन्दिर निर्माण | उपभोक्ता समिति | १,१८८ |
| ११८।२०८०।०३।२१ | लोक जागरण आ.वि. भवन निर्माण | उपभोक्ता समिति | ८,५३४ |
| १३२।२०८०।०३।२३ | छलाहाँ खिन सडक निर्माण | उपभोक्ता समिति | १३,३२२ |

| | | | |
|---|---|---|---|
| १४१।२०८०।०३।२४ | पिसानी मिल खरिद तथा व्यवस्थापन | उपभोक्ता समिति | २,५०१ |
| ५।२०८०।०३।१७ | बालुवा पुलाहा राडुनेटा हुँदै डोरीसम्म सडक निर्माण | उपभोक्ता समिति | ३,१५६ |
| १९।२०८०।०३।१७ | चुलधारा सिंचाइ निर्माण | उपभोक्ता समिति | ३,१५६ |
| २४।२०८०।०३।२० | जाँफि खानेपानी आयोजना | उपभोक्ता समिति | १,११४ |
| २५।२०८०।०३।२० | दाम्री सिंचाई कुलो निर्माण | उपभोक्ता समिति | १,३१ |
| २९।२०८०।०३।२२ | पानलोटी सिंचाई पोखरी निर्माण | उपभोक्ता समिति | २,०४९ |
| ४०।२०८०।०३।२४ | वालुवा कुलो निर्माण थिर्पु | उपभोक्ता समिति | २,८४४ |
| **जम्मा** | | | **६३,००५** |

**अग्रिम आयकर तर्फ**

| गो.भौ. नं. मिति | योजनाको नाम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २६,२०८०।०३।२१ | पलाता अस्पताल भवन निर्माण | उपभोक्ता समिति | ३,७७० |
| २९,२०८०।०३।२२ | पानलोटी सिंचाई पोखरी निर्माण | उपभोक्ता समिति | १,९१८ |
| ४०,२०८०।०३।२४ | वालुवा कुलो निर्माण थिर्पु | उपभोक्ता समिति | १०,०८० |
| **जम्मा** | | | **१५,७६८** |

**बहालकर तर्फ**

| गो.भौ. नं. मिति | **योजनाको नाम** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|
| २९,२०८०।०३।२२ | पानलोटी सिंचाई पोखरी निर्माण | उपभोक्ता समिति | ९,७०० |
| ४५,२०८०।०३।२२ | रानीबिसाउना गा.पा. भवन निर्माण | उपभोक्ता समिति | ६,९३४ |
| ५४,२०८०।०३।२७ | खानेपानी संरचना निर्माण, सुधार तथा स्तरोन्नति | ओम ट्रेडर्स एण्ड सप्लायर्स | १०,००० |
| ९,२०८०।०३।२३ | डिलखेत पहिरो नियन्त्रण | उपभोक्ता समिति | ८,६६१ |
| **जम्मा** | | | **३५,२९५** |
| | | असुल गर्नुपर्ने | १,१४,०६८ |

६२ **बढी भुक्तानी** आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ नियम ५ बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ

। पालिकाले देहायको भुक्तानीमा बिलभर्पाई, प्रमाण कागजात भन्दा बढी भुक्तानी दिएको देखिन्छः अतः बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

| सि न | गोभौ नं मिति | विवरण | भुक्तानी भएको रकम | घटि विल भरपाई रकम |
|---|---|---|---|---|
| १ | ६०।२०८०।०२।०३ | इरुझाल तिपगाड तटबन्धन निर्माण वापतको रकम इरुझालगाड तिपगाड तटबन्धन निर्माण उपभोक्ता समिति | १९,२०,०००।०० | ८२,२८२ |
| २ | ९२।२०८०।०३।१३ | खिन हुँदै औंलासम्म घोरेटो बाटो मर्मत | ६,६८,९१२।०० | १०,३४० |
| ३ | १४८।२०८०।०३।२४ | श्री सरस्वती आ.वि. राडुनेटा फिल्ड निर्माण | १,४४,०००।०० | १५,३७४ |
| ४ | ४३।२०८०।०३।२४ | (प्रदेश सशर्त) चौतारी आ.वि.भवन निर्माण | १९,२०,०००।०० | ४०,५०० |
| ५ | २३।२०८०।०३।२४ | (प्रदेश सशर्त) खुम्लाखोला फागोटी वृज झोलुङ्गे पुल पलाता कालीकोट | १२,३४,४७५।०० | १८,३०० |
| | **जम्मा** | | | **१६६,७९६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,६७,९९७ |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः** २०७९/८०

**कार्यालय र स्थान** - पलाँता गाउँपालिका, कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Karma Singh Bam | २०७८-६-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोपाल बोहोरा | २०७९-९-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण-**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,०१३,८४९.५ | ३०,७४१,७५८ | १६,७२०,८२८ | ० | ० | ८,५८०,७०२.३५ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ५९,०५७,१३७.८५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५९,०५७,१३७.८५ |

स्थानीय तह-

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १७४१२००० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २६६६४६६१८.८१ | **चालु खर्च** | २७६८३३५९६.८१ |
| **प्रदेश सरकारबाट अनुदान** | ५१११४२८८ | **पूँजीगत खर्च** | १०९४११०९९ |
| **राजश्व बाँडफाँट** | ७७२५२७५५.५९ | **वित्तीय/अन्य व्यवस्था** | २४२७६९५५.५२ |
| **आन्तरिक आय** | ९००००.० | | |
| **अन्य आय** | २३५२२३६५.२५ | | |
| **कुल आय** | ४१९४३६०२७.६५ | **कुल खर्च** | ४१०५२१६५१.३३ |
| **बाँकी मौज्दात** | | २६३२६३७६.३२ | |

## बेरूजु दफा ३५.२ सँग सम्बन्धित विवरण - अनुसूची -२

| वडा नं | वडा सचिवको नाम | जम्मा आम्दानी रु | दाखिला रु | दाखिला बाँकि रु | असुल उपर गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| १ | बालरिसि न्यौपाने | रु २०१९०.५ | रु २०००० | रु १९०.५ | रु २०९.५५ |
| ५ | सर्पराज बुढा | रु १३७०० | रु १३३०० | रु ४०० | रु ४४० |
| ६ | पूर्व वडा सचिव मोहन बुढा | रु २६०९० | रु २१५०० | रु ४५९० | रु ५०४९ |
| ७ | पूर्व वडा सचिव कलम बहादुर बम | रु ३९९५० | रु २२५०० | रु १७४५० | रु १९१९५ |
| ९ | सुसिला कुमारी बम | रु ८५३३५ | रु ६४५४१ | रु २०७९४ | रु २२८७३.४ |
| क्र.स | शाखा प्रमुखको नाम | | | | |
| १ | पशु सेवा शाखा प्रमुख | रु ३८७९८ | रु ३७५५० | रु १२४८ | रु १३७२.८ |
| **जम्मा** | | **रु २२४०६३.५** | **रु १७९३९१** | **रु ४४६७२.५** | **रु ४९१३९.७५** |

## बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची -३

| गो.भौ.नं., मिति | भुक्तानी पाउनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १५,२०७९।११।०३ | न्यू जेनेरेशन एण्ड डायनामिक युवा क्लव | तीज कार्यक्रमका विल भुक्तानी | ४९,२५० |
| ७४,२०८०।०३।३२ | श्री सूर्यदेवी सिलाई कटाई प्रशिक्षण केन्द्र | तालिम वापतको भुक्तानी | ९००,००० |
| ७९,२०८०।०३।०६ | धिर बहादुर भण्डारी | अन्तर्राष्ट्रिय नारी दिवसको बिल भुक्तानी | १२,८०५ |
| | न्यू जेनुन अटो पार्ट्स एण्ड हेल्मेट सप, सुर्खेत | सामान खरिदको विल भुक्तानी | ३८,५१६ |
| | न्यू प्रभात स्टेसनरी सेन्टर एण्ड जनरल सप्लायर्स, सुर्खेत | सामान खरिदको विल भुक्तानी | १९,१३४ |
| ८७,२०८०।०३।१० | प्रवल फेन्सी स्टोर्स, सुर्खेत | सामान खरिदको विल भुक्तानी | ९,८५० |
| १०४,२०८०।०३।१४ | मदन बहादुर बम | खेलाडी सहभागी बापतको रकम भुक्तानी | ५०,००० |
| १०५,२०८०।०३।१४ | श्री शहीद कला प्रतिष्ठान पलाता कालीकोट | कोरा कपडा खरिद र सिलाई | ६००,००० |
| **जम्मा** | | | **१,६७९,५५५** |

## बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -४

| बजेट | पार्टी/ व्यक्तिको नाम | पेश्की बिबरण | रकम |
|---|---|---|---|
| उपभोक्ता समितितर्फ | | | |
| पूँ. गो भौ नं ५२ | श्री थला तल्सेरी गढगढे खानेपानी तथा सरसफाइ उ स | खानेपानी संरचना निर्माण, सुधार तथा स्तरोन्नति | ७९,३०,७०२.३५ |
| व्यक्तिगततर्फ | | | |
| चालु. गो भौ नं १५ | कलम बहादुर बम (७ नं. वडा सचिव) | वडा कार्यालय संचालन खर्च | २,००,००० |
| पूँ. गो भौ नं १० | पदम बहादुर शाही (प्राविधिक कर्मचारी) | चुली उखाडी नेटा सडक निर्माण | ५०००० |
| संघ सशर्त . गो भौ नं ३३ | मदन बहादुर बम (गा.पा.कर्मचारी) | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | १,००,००० |
| पूँ. गो भौ नं १९ | मदन बहादुर बम (गा.पा.कर्मचारी) | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | ३,००,००० |
| **जम्मा** | | | **८५८०७०२.३५** |

## बेरूजु दफा ४६ सँग सम्बन्धित विवरण - अनुसूची -५

| **बिलबेगरका खर्चः** | | | |
|---|---|---|---|
| **गो.भौ.नं.मिति** | **शीर्षक** | **भुक्तानीपाउनेको नाम** | **बढी भएकोभुक्तानी** |
| ५, २०७९।१२।२९ | खानेपानी सरसफाई तथा स्वच्छता सुशासन, क्षमता विकास , अनुगमन तथामूल्याङ्कन क्रियाकलापहरु , पालिकाहरूमा विभिन्न वास युनिटहरुको स्थापना , सुचारू , संचार व्यवस्थापन , महिनावारी , विभिन्न खानेपानी सरसफाई तथा स्वच्छता नीति , म्यानुअल टुल्सको तयारी काम गर्ने शीर्षक | धिर भण्डारी, वास संयोजक | २४, ३८८ |
| २३, २०८०।०२।०२ | वासपरियोजना अन्तर्गतको कार्यक्रम | धिर भण्डारी, वास संयोजक | ८, ७३० |
| ३०, २०८०।०३।०४ | वासपरियोजना अन्तर्गतको कार्यक्रम खर्च | परी विश्वकर्मा, वास कर्मचारी | १२, ३०० |
| ४२, २०८०।०३।२३ | सुस्वा परियोजनाको श्री सरस्वती मा.वि. को शौचालय निर्माण होडिङबोर्डको फोटोकपी बिल | श्री सरस्वती मा.वि. | १०, ००० |

| | | | |
|---|---|---|---|
| ४४, २०८०।०३।०४ | दीगो खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थालाई सुधार गर्नका लागिविभिन्न दिवसहरू मनाउने कार्यक्रम | परी विश्वकर्मा, वास कर्मचारी | १२, ३८० |
| ४५, २०८०।०३।०४ | वास परियोजना अन्तर्गत पूर्ण सरसफाइ तालिम संचालनवापतको खर्च | परी विश्वकर्मा, वास कर्मचारी | ४, ४०० |
| ४६, २०८०।०१।१४ | दीगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनामा फोटोकपी बिलमाभुक्तानी | अर्जुनकुमार विष्ट, वास कर्मचारी | ११, ८२० |
| ५८, २०८०।०२।०२ | सबैकोलागि दीगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजनाको गाडीभाडा सम्झौता नभएको , भुक्तानी पनि वास संयोजक धिर भण्डारीको नाममा गएको देखिएकोमा खर्च पुष्टि गर्नेपर्याप्त कागजात पेश हुन नसकेको | धिर भण्डारी, वास संयोजक | १७, ०१० |
| **जम्मा** | | | **१०१०२८** |

## बेरूजु दफा ४९ सँग सम्बन्धित विवरण - अनुसूची -६

| **गो. भौ. नं., मिति** | **विनियोजन शीर्षक र विवरण** | **भुक्तानी गरेको शीर्षक** | **भुक्तानी पाउने** | रकम |
|---|---|---|---|---|
| ४३१,२०८०।०३।२२ | करार सेवा शुल्क | प्रोत्साहन भत्ता | गा.पा. कर्मचारीहरु | ८१९००० |
| ८१,२०७९।०८।१९ | सशर्त फिर्ता तथा कर दाखिला | सेवा शुल्क भुक्तानी | गाउँपालिका राष्ट्रिय महासंघ | ५०००० |
| २७०,२०८०।०१।२९ | सशर्त फिर्ता तथा कर दाखिला | हस्तकला सामान खरिद | सरोजा टेक्निकल इन्सिच्युट, सुर्खेत | २७८७५० |
| २७१,२०८०।०१।२९ | सशर्त फिर्ता तथा कर दाखिला | मसलन्द तथा कार्यालय सामाग्री खरिद | कर्णाली इन्फोटेक , मान्म | १९७२६६ |
| ३१८,२०८०।०२।२१ | सशर्त फिर्ता तथा कर दाखिला | कार्यालय सामाग्री खरिद | न्यू भण्डारी ट्रेडर्स, कालीकोट | १४७७५० |
| ३९५,२०८०।०३।१३ | सशर्त फिर्ता तथा कर दाखिला | भू उपयोग क्षेत्र बर्गीकरणको खर्च | नेत्र बहादुर शाही, गा.पा. कर्मचारी | ३४२२०० |
| ४०३,२०८०।०३।१६ | सशर्त फिर्ता तथा कर दाखिला | कार्यालय सामाग्री खरिद | जि.एन.एण्ड सम्राट मोबाइल ग्यालरी | १८५८९५ |
| ४०४,२०८०।०३।१७ | सशर्त फिर्ता तथा कर दाखिला | इन्धन बिल भुक्तानी | सुबिधा निर्माण सेवा एण्ड अर्डर सप्लायर्स, पलाता | १०४२१० |
| ४१२,२०८०।०३।१८ | सशर्त फिर्ता तथा कर दाखिला | मोटरसाइकल मर्मत | जनता ग्यारेज, कालीकोट | ३६२६७३ |

| | | | | |
|---|---|---|---|---|
| ४२८,२०८०।०३।२२ | सशर्त फिर्ता तथा कर दाखिला | सवारी साधन मर्मत | जङ्ग बहादुर भण्डारी, सवारी चालक | ३९५६३७ |
| ५७,२०७९।०७।२३ | घरभाडा | सवारी साधन मर्मत र विविध खर्च | गा.पा. कर्मचारीहरु | ६५८३८७ |
| ३१४,२०८०।०२।१७ | | जुत्ता खरिद वापतको भुक्तानी | न्यू वागेश्वरी फेन्सी सपिङ्ग सेन्टर, कालीकोट | ९८००० |
| ३३४,२०८०।०२।२८ | | खाजाखानाको बिल भुक्तानी | जुम्ला सिंजाली होटल | ९९००० |
| ३३५,२०८०।०२।२८ | | खेलकुद कपडा खरिद | मुना डिजाइन सेन्टर, कालीकोट | २४१४० |
| ३३६,२०८०।०२।२८ | | इलेक्ट्रोनिक्स सामानको बिल भुक्तानी | जुनु इलेक्ट्रोनिक्स अर्डर एण्ड सप्लायर्स, कालीकोट | १६४९८० |
| ३४२,२०८०।०२।३२ | | खाजाखानाको बिल भुक्तानी | मदन बहादुर बम, गा.पा.कर्मचारी | २११००० |
| ३४७,२०८०।०३।०३ | | खाजाखानाको बिल भुक्तानी | भीम बहादुर बम, गा.पा. कर्मचारी | ३००००० |
| ३६०,२०८०।०३।०५ | | ट्र्याकसुट खरिदको बिल भुक्तानी | न्यू वागेश्वरी फेन्सी सपिङ्ग सेन्टर, कालीकोट | ९८८५० |
| | | | **जम्मा** | **४५३७७३८** |

**बेरूजु दफा ५० सँग सम्बन्धित विवरण - अनुसूची -७**

| **गो भौ नं** | **व्यवसायीको नाम** | **भ्याट नं** | **बिजक नं** | **मू अ कर** | **३०% कर** |
|---|---|---|---|---|---|
| ५६ | एस.के.बी. निर्माण सेवा | ६०७०५६७१६ | १ | २४९६००. | ७४८८०. |
| ३२ | एस.के.बी. निर्माण सेवा | ६०७०५६७१६ | २ | ३०६८२७.९४ | ९२०४८.३८ |
| ३९ | एस.के.बी. निर्माण सेवा | ६०७०५६७१६ | ४ | २९४३३९.१२ | ८८३०१.७४ |
| १३२ | फार वेस्ट होम प्रा.लि. | ६०६७८७२१८ | ९ | ६०१४९८.९८ | १८०४४९.६९ |
| १३६ | एस.के.बी. निर्माण सेवा | ६०७०५६७१६ | ७ | ६२०३६०.९२ | १८६१०८.२८ |
| ३२३।२०८०।०२।२४ | साहिल सिजन स्टेशनरी एण्ड जनरल सप्पलायर्स | | | ६८४८८.५५ | २०५४६.५७ |
| ३६७।२०८०।०३।०६ | म्याट्रिक्स सफ्टेक प्रा लि जवालाखेल काठ्मान्डौ | | | १७१५१९ | ५१४५५.७ |
| ३६९।२०८०।०३।०६ | श्रेष्ठ कन्सलटेन्सि प्रा लि एकान्तकुना काठ्मान्डौ | | | १७१६०० | ५१४८०. |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६८।२०८०।०३।०६ | डिटेल इन्जिनियरिङ्ग कन्सलटेन्ट ललितपुर काठ्माण्डौ | | | २२९१२५ | ६८७३७.५ |
| | **जम्मा** | | | **२७१३३६०** | **८१४००८** |

## बेरूजु दफा ५७ सँग सम्बन्धित विवरण - अनुसूची -८

| **वडा नं** | **प्रथम त्रैमासिक** | **दोश्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **जम्मा रु** |
|---|---|---|---|---|---|
| १ | २७४८९४२ | २७७२८३४ | २७९८३९० | २८५५४३९ | १११७५६०६ |
| २ | ३१८१२४३ | ३१९३९५० | ३१४७९९० | ३१९१८७३ | १२७१५०५८ |
| ३ | २७९०१४२ | २८०८१२५ | २८५७४१४ | २८३००८० | ११२८५७६४ |
| ४ | १५८२३१५ | १६२१०८६ | १६१५८१३ | १६२८९४० | ६४४८१५८ |
| ५ | १०६८५२० | १०९७३१३ | १०७६२७९ | १०७११९९ | ४३१३३१६ |
| ६ | १८७२९९३ | १९१५४९४ | १८९७९३० | १९११३५० | ७५९७७७३ |
| ७ | २३५२७७८ | २३७५०२७ | २३५६९७० | २३४०४८६ | ९४२५२६८ |
| ८ | १७७४८९७ | १८१३६३४ | १८३६१८४ | १८३४१३५ | ७२५८८५८ |
| ९ | १८३६२९५ | १८७२०२४ | १८६६८७६ | १९०१८११ | ७४७७०१५ |
| **जम्मा रु** | **१,९२,०८,१२५** | **१,९४,६९,४८७** | **१,९४,५३,८४६** | **१,९५,६५,३१३** | **७,७६,९६,७७१** |

## बेरूजु दफा ६० सँग सम्बन्धित विवरण - अनुसूची -९

| **(संघ सशर्त) गो. भौ . नं .** | **विवरण** | **भुक्तानी पाउने** | **रकम** |
|---|---|---|---|
| २०।२०७९।०९।२५ | प्राथमिक स्वास्थ्य केन्द्र र अस्पतालहरुमा प्रशासनिक खर्चका लागी भुक्तानी भएको खरीदमा समाग्रीहरुको दाखिला, मर्मत आदेश , खरीद आदेश विना सोझै विलको आधारमा भुक्तानी भएको छ। | अग्नीज्वाला कम्प्युटर सप्लायर्स, मान्म | ५८२६३ |
| | | नितेश डिजिटल फ्लयेक्स प्रिन्ट, मान्म | १७७३० |
| ५७।२०७९।१२।१२ | मर्मत आदेश विना मर्मत गरेको विल पेश अनुसार भुक्तानी भएको छ। | नन्दसिंह बम, गा पा कर्मचारी | १६२०० |
| ६५।२०७९।१२।२१ | व्याडमिन्टन, कर्क खरीद भएको | धन प्रसाद न्यौपाने, स्वास्थ्य संयोजक | १४३०० |
| १०१।२०८०।२।३० | बहुक्षेत्रिय पोषण अन्तरगत कर्णाली एग्रोभेट सेन्टर खाँडाचक्र- १ | कर्णाली एग्रोभेट सेन्टर खाँडाचक्र- १ | १४७७५० |

| | | | |
|---|---|---|---|
| | को गत आर्थिक बर्षको भुक्तानीमा भरपाई र विलको फोटोकोपी राखी<br>भुक्तानी दिएको छ । | रकम बुढा गा पा कर्मचारी | ३२९१७४ |
| ८१।२०८०।०२।०१ | बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तरगत संयोजक राज बहादुर<br>बम को पेश्की पर्स्यौट हुदा देखिएको कैफियत निम्न छन्। | राज बहादुर बम, संयोजक बहुक्षेत्रिय पोषण कार्यक्रम | २४७००० |
| | खाजाको भर्पाईमा रकम केरमेट गरी पुन रकम राखेको | | |
| | भर्पाई विलमा भर्पाईकर्ताको सहि समेत नहेको | | |
| | खजाको विलमा संख्या र दर नरहेको | | |
| | पसलको बिलमा संख्या र समानको दर , रकम केरमेट गरी दर र संख्या राखेको | | |
| ६०।२०७९।१२।२० | खरिद आदेश र दाखिला नभएको | क्वीक कम्प्युटर सोलुसन, मान्म | १६५००० |
| ८३।२०८०।०२।०२ | जङक फुड विद्यालय पोषण अभियान, कार्यक्रमको प्रतिवेदन नबनाई केवल खाजाको विल राखेको | राज बहादुर बम, संयोजक बहुक्षेत्रिय पोषण कार्यक्रम | ५०००० |
| | **जम्मा** | | **१०४५४१७** |